# वृद्धावस्था परिशद

## आत्म निर्भरता। स्रोतहरू। जीवन स्तर

## कार्यक्रम तथा सेवाहरूबारे मार्ग-निर्देशिका

### वृद्धावस्था परिशदका बारेमा

बट्लर, क्लेरमन्ट, क्लिन्टन, ह्यामिल्टन तथा वारेन काउन्टिको क्षेत्रीय वृद्धावस्था परिशदका हैसियतमा, हाम्रो लक्ष्य भनेको विभिन्न गुणस्तरीय सेवाहरूको माध्यमबाट मानिसहरूलाई घरमा आत्म निर्भर बन्न सहायता गर्दै उनीहरूको जीवनमा सुधार ल्याउनु हो।

लगभग 50 वर्षको अनुभव सहित, हामी जटिल चिकित्सकीय तथा दीर्घकालीन स्याहार आवश्यकताहरूको व्यवस्थापनमा व्यक्ति, परिवार तथा स्याहारकर्ताहरूलाई सहयोग गर्न निपुण छौं।

हाम्रा कार्यक्रम तथा सेवाहरूमा निम्नानुसार पर्छन्:

- घर-भित्रको स्याहार तथा सहायताप्राप्त जीवन यापन
- अस्पताल तथा नर्सिङ होमहरूबाट अरु ठाउँमा सर्ने
- जानकारी तथा मार्ग-दर्शनका लागि कल सेन्टर
- स्याहारकर्ताहरूका लागि सुझाव तथा स्रोतहरू




हामी व्यक्तिहरूलाई निम्न कुरामा सहयोग गर्न तत्पर छौँ...

**जोडिन सहज छ:**
**(513) 721-1025**
**(800) 252-0155**
**www.help4seniors.org**

### उनीहरूको घर तथा समुदायमा बस्न

खाना, यातायात, गृह व्यवस्थापन तथा व्यक्तिगत स्याहार जस्ता सुपथ सेवाहरूद्वारा वयोवृद्ध तथा अपाङ्ग व्यक्तिहरूलाई उनीहरूको घर तथा समुदायमा सुरक्षित र आत्म निर्भर रहन सहयोग गर्छ।

### सकुशल रहने, घरमा

कुनै जीर्ण रोगमाथि नियन्त्रण राख्न वा अस्पताल वा नर्सिङ होमबाट घर जान तयार हुनुहुन्छ? हामी सकुशलता कार्यक्रम तथा सङ्क्रमणकालीन स्याहार सेवाहरू प्रदान गर्छौं जसले मानिसहरूलाई, उनीहरूलाई सर्वाधिक सहज हुने ठाउँ अर्थात घरमा, जीर्ण स्वास्थ्य तथा दीर्घ-कालीन स्याहार आवश्यकताहरूको व्यवस्थापन गर्न सहयोग गर्छ।

### जानकारी तथा स्रोतहरूसँग जोड्ने

आवास, स्याहार उपलब्धता वा दीर्घ-कालीन स्याहार विकल्पहरूबारे अलमल्ल पर्नु भएको छ? क्षेत्रीय स्रोतहरूबारे निष्पक्ष जवाफ, सुझाव तथा उनीहरूसँग सम्पर्क गर्नेबारे हामीसँग शुरुवात गर्नुहोस्।

BBB Torch AWARD 2010 WINNER

INSPIRE | HEALTHCARE 2017 QUALITY IMPROVEMENT AWARD WINNER THE HEALTH COLLABORATIVE

COA Council on Aging

## वृद्धावस्था परिशदका बारेमा

**हामी प्रत्येक दिन हाम्रो समुदायमा सेवा पुर्याउँछौँ...**
हाम्रा कार्यक्रम तथा सेवाहरूद्वारा वरिष्ठ, अपाङ्ग व्यक्ति, परिवार तथा स्याहारकर्ताहरूको आत्मसम्मान तथा रोजाइको रक्षा गरिन्छ। हाम्रो बहु-काउन्टि क्षेत्र भरि हाम्रो उपस्थिति अस्पताल, नर्सिङ होम, सहायताप्राप्त जीवन यापन सुविधास्थल तथा हजारौँ घरहरूमा छ।

विभिन्न घर-भित्रको स्याहार कार्यक्रम तथा सेवाहरूका माध्यमबाट कमजोर वरिष्ठ तथा अपाङ्ग व्यक्तिहरूको आत्म निर्भरताको रक्षा गरिन्छ।

घर तथा समुदायमा-आधारित दीर्घ-कालीन स्याहार सेवाहरू उपलब्ध गर्ने उद्देश्यले स्थानीय व्यवसाय तथा मुनाफा रहित संस्थानहरूसँग सम्पर्क गरिन्छ।

वरिष्ठ, अपाङ्ग व्यक्ति, स्याहारकर्ता तथा पेसेवर व्यक्तिहरूलाई निष्पक्ष जानकारी, सुझाव तथा सिफारिससँग जोडिन्छ।

घर-मा उपलब्ध गराइने तथा सामूहिक खाद्य कार्यक्रमहरूका माध्यमबाट जोखिमपूर्ण वयोवृद्धहरूको पोषण आवश्यकताहरूको पूर्ति गर्ने हुनुपर्छ।

स्वास्थ्य तथा सामाजिक सेवा क्रियाकलापहरूका लागि यातायात सेवा उपलब्ध गराउँदै वरिष्ठ तथा अपाङ्ग व्यक्तिहरूको स्याहारको निरन्तरता तथा सामाजिक कुशलतामा सहयोग प्रदान गर्छ।

अस्पताल तथा नर्सिङ होम बिरामीहरूलाई सहयोगात्मक, सङ्क्रमणकालीन स्याहार कार्यक्रमहरूका माध्यमबाट घर तथा समुदायमा-आधारित परिवेशमा पुनः आत्म निर्भरता प्राप्त गर्न सहयोग गर्छ।

## सामान्य कार्यक्रम तथा सेवाहरू

**वृद्धावस्था एवं अपाङ्गता स्रोत केन्द्र (ADRC)**
(513) 721-1025 वा (800) 252-0155
(937) 449-0642 क्लिन्टन काउन्टी कार्यालय
(सीमित समयका लागि) www.help4seniors.org
(अनलाईन स्रोत निर्देशिका)

वयोवृद्ध, अपाङ्ग व्यक्ति, स्याहारकर्ता तथा पेसेवर व्यक्तिहरूले निम्न विषयमा निष्पक्ष जवाफ, जानकारी तथा सुझावका बारेमा वृद्धावस्था एवं अपाङ्गता स्रोत केन्द्रमा सम्पर्क गर्न सक्छन्:

- आवास तथा नर्सिङ होमहरू
- आर्थिक सहायता, मेडिकेयर तथा अन्य सुविधाहरू
- अपाङ्ग व्यक्ति वा मानसिक स्वास्थ्य आवश्यकताहरूबारे स्रोतहरू
- स्याहारकर्ता सहायता
- दीर्घ-कालीन स्याहार विकल्प तथा योजना
- शिक्षा तथा मनोरञ्जन क्रियाकलापहरू

सप्ताहका दिनहरूमा बिहान 7 बजे – बेलुका 6 बजेसम्म फोन मार्फत सहयोग उपलब्ध छ। वृद्धावस्था एवं अपाङ्गता स्रोत केन्द्रका कर्मचारीले सिफारिसहरू लिन्छन् र वृद्धावस्था परिशद (COA) अन्तर्गत कार्यक्रम तथा सेवाहरूका लागि योग्य हुन सक्ने व्यक्तिहरूका लागि फोनद्वारा छनौटहरू गर्छन्।

पेसेवर व्यक्तिहरूले हाम्रो वेबसाइट मार्फत दिनको **24** घण्टा**,** हप्ताको सातै दिन सिफारिस गर्न सक्छन्।

---

### स्याहारकर्ता सहयोग

परिवार वा स्वयमसेवक स्याहारकर्ताहरूका लागि निःशुल्क सहयोग तथा स्रोतहरूसँग जोड्ने। लक्ष्य स्याहारकर्ताको कुशलता हो।

स्याहारकर्ता सहयोग नर्ससँगको फोन परामर्शले स्याहारकर्ताहरूलाई निम्न कुरामा सहयोग गर्छ:

- मानसिक चाप, बोझ तथा चोटहरूमा कमी ल्याउन
- आत्मविश्वास तथा ज्ञानमा वृद्धि गर्न
- स्याहारको गुणस्तरमा सुधार गर्न
- व्यक्तिगत तथा स्याहार उपलब्धता जिम्मेवारीहरू माझ सन्तुलन राख्न

**योग्यता:** स्याहार प्राप्तकर्ता वा स्याहारकर्ता बट्लर, क्लेरमन्ट, क्लिन्टन, ह्यामिल्टन वा वारेन काउन्टिहरूमा बस्ने हुनुपर्छ र न्यूनतम उमेर 60 वर्ष हुनुपर्छ (अल्जाइमर रोग र/वा अन्य मस्तिष्क खराबी भएका व्यक्तिहरूलाई स्याहार प्रदान गर्ने परिवार स्याहारकर्ताहरूका लागि कुनै उमेरको सीमा छैन)।

## स्वास्थ्य तथा निरोगिता कार्यक्रमहरू

### जीर्ण रोग स्व-व्यवस्थापन तथा लड्नबाट रोकथाम

व्यक्ति तथा उनीहरूको स्याहारकर्ताहरूलाई स्वस्थ तथा कुशल अनुभव गर्न प्रमाणमा-आधारित जीवनशैली तथा रोकथाम मूलक कार्यक्रमहरू।

सुविधायुक्त सामुदायिक परिवेशमा प्रदान गरिने साना-समूह कार्यशालाहरूद्वारा वयस्क तथा स्याहारकर्ताहरूले उनीहरूको अनुभवहरू आदानप्रदान गर्दै निम्न कुराहरूका लागि दैनिक उपायहरू सिक्न सक्छन्:

- व्यक्तिगत स्वास्थ्यमा सुधार गर्ने
- जीर्ण रोगको व्यवस्थापन गर्ने
- स्वास्थ्य स्याहार खर्चहरूमा पैसा बचाउने
- लड्नबाट जोगिने
- स्वास्थ्य स्याहार प्रदायकहरूसँगको सम्बन्ध सुधार गर्ने

**योग्यता:** कार्यक्रम अनुसार फरक पर्छ तर सामान्यतया जीर्ण स्वास्थ्य अवस्थाको राम्ररी व्यवस्थापन गर्न र लड्नबाट जोगिन सिकेर आत्मविश्वास तथा पुनः आत्म निर्भर बन्न चाहने कुनैपनि उमेरका वयस्क (तथा उनीहरूको स्याहारकर्ता) हरूका लागि खुल्ला छ।

### वृद्धावस्था शिक्षा कार्यक्रम (AMP)

वृद्धावस्था शिक्षा कार्यक्रम भनेको राष्ट्रिय वृद्धावस्था परिशदद्वारा विकसित प्रमाण-सूचित समृद्धता कार्यक्रम हो जसले वयस्कहरूलाई खुसियाली तथा दीर्घतामा सहयोग गर्ने कदमहरू चाल्न प्रोत्साहन गर्छ।

वृद्धावस्था शिक्षा कार्यक्रममा, विभिन्न साप्ताहिक सत्रहरूमा पूरा गरिने, 10 विषयहरू समावेश छ जसमा शारीरिक स्वास्थ्य, आर्थिक स्वास्थ्य तथा जीवन समृद्धबारे जानकारीका साथै चाल्ने कदमहरू तथा क्रियाकलापहरू दिइएको हुन्छ।

यो कार्यक्रममा सहभागी भएर, व्यक्तिहरूले निम्न कुराहरूको सुधार गर्नुका साथै सकारात्मक कदमहरू वापत अङ्क तथा पुरस्कारहरू प्राप्त गर्छन्:

- सामाजिक सम्बन्ध
- शारीरिक क्रियाकलापको स्तर
- स्वस्थ खानपान आदत
- उन्नत योजनाको प्रयोग
- स्वास्थ्य स्याहार प्रदायकहरूसँग सञ्चार

**योग्यता:** सामान्यतया सुख पूर्वक वृद्धावस्थामा हिँड्न र लामो जीवनको सर्वाधिक लाभ उठाउन चाहने कुनैपनि उमेरका वयस्कहरूका लागि खुल्ला।








## घर तथा समुदायमा-आधारित कार्यक्रम (गैर-मेडिकेड)

### प्रौढ सेवा कार्यक्रम (ESP)

परिवार तथा साथीहरूद्वारा पहिलानै प्रदान गरिने स्याहारमा विस्तार गर्दै वयोवृद्धहरूलाई उनीहरूको घरमा सुरक्षित तथा आत्म निर्भर रहन सहयोग गर्छ। नर्सिङ होममा अनावश्यक रुपमा बस्नबाट बचाउँछ। काउन्टिको कर सङ्कलनद्वारा रकम उपलब्ध।

आवश्यकता तथा योग्यताका आधारमा, सेवाहरूमा निम्न पर्न सक्छन्:

- स्याहार व्यवस्थापन
- खाना/पोषण
- स्वास्थ्य उकपरण
- घर परिमार्जन
- यातायात
- आपातकालीन प्रतिक्रिया प्रणाली
- घरको व्यवस्थापन तथा व्यक्तिगत स्याहार
- तपाईंको आफ्नै कामदारहरूलाई नियुक्त गर्ने क्षमता (सीमाहरू लागु हुन्छ)
- सङ्क्रमण स्याहार (पृष्ठ 6 मा फास्टट्र्याक होम हेर्नुहोस्)

योग्यता**:**

- बट्लर तथा क्लिन्टन काउन्टि बासिन्दाहरू: उमेर 65+
- ह्यामिल्टन तथा वारेन काउन्टि बासिन्दाहरू: उमेर 60+
- मध्यम देखि गम्भीर तहको अपाङ्गता, सामान्यतया 2 वा बढी दैनिक जीवन यापन क्रियाकलाप र/वा इन्स्ट्रूमेन्टल दैनिक जीवन यापन क्रियाकलाप (अन्तिम पृष्ठ हेर्नुहोस्)
- इन-होम मूल्याङ्कनको बेला स्याहार व्यवस्थापकद्वारा निर्धारण भए अनुसार निर्दिष्ट सेवाहरूका लागि योग्यता
- प्रौढ सेवा कार्यक्रम अन्तिम उपायको भुक्तानकर्ता हो। यसले तपाईं मेडिकेड, मेडिकेयर वा निजी बिमा जस्ता अन्य भुक्तानकर्ताहरू मार्फत योग्य हुन सक्ने कुराहरूका लागि भुक्तान गर्दैन वा सेवा प्रदान गर्दैन।



विशेष कर वसुलीद्वारा प्रौढ सेवा कार्यक्रमसेवाहरूको रकम प्रदान गरिएको छ। प्रौढ सेवा कार्यक्रमले परिवारहरूद्वारा उपलब्ध स्याहारको प्रतिस्थापन गर्दैन, तर परिवारले उपलब्ध गर्न नसक्ने आवश्यक अतिरिक्त स्याहारको सुनिश्चित गर्नेछ। प्रौढ सेवा कार्यक्रमले पारिवारिक सदस्यहरूको स्याहार गर्न परिवारहरूले सम्भव भएको पूर्ण हदसम्म जिम्मेवारी लिने अपेक्षा राख्छ।

## घर तथा समुदायमा-आधारित कार्यक्रम (मेडिकेड (Medicaid))

### पासपोर्ट

अपाङ्ग वयोवृद्धहरूलाई नर्सिङ होमको साटो उनीहरूको घरमा स्याहार तथा सहयोग प्राप्त गर्न सहयोग प्रदान गर्ने मेडिकेड कार्यक्रम।

सेवाहरू प्रौढ सेवा कार्यक्रम सरहनै छ तर अझ गहन र निम्न कुराहरू समावेश हुन सक्छ:

- घर बाहिरको आराम
- तपाईंको आफ्नै कामदारहरूलाई नियुक्त गर्ने क्षमता (सीमाहरू लागु हुन्छ)
- नर्सिङ
- स्वास्थ्य सम्बन्धी नगद खर्चहरूमा सहयोग
- नर्सिङ गृह देखि घर सम्म जाँदा सहयोग

योग्यता***:**

- उमेर 60 तथा बढी
- न्यून-आय (मेडिकेड योग्य)
- नर्सिङ होम तहको स्याहार आवश्यक पर्ने: न्यूनतम 2 दैनिक जीवन यापन क्रियाकलाप तथा 3 इन्स्ट्रूमेन्टल दैनिक जीवन यापन क्रियाकलापद्वारा सहयोग (अन्तिम पृष्ठ हेर्नुहोस्)
- माइकेयर ओहायोका लागि अयोग्य (पृष्ठ 5)
- इन-होम मूल्याङ्कनको बेला स्याहार व्यवस्थापकद्वारा निर्धारण भए अनुसार निर्दिष्ट सेवाहरूका लागि योग्यता

### सहायताप्राप्त जीवन यापन छूट

मेडिकेड-योग्य वयस्कहरूका लागि स्वीकृत सहायताप्राप्त जीवन यापन सुविधास्थलहरूमा स्याहार उपलब्ध गराउँछ। पासपोर्ट वा ओहायो होम केयरमा भन्दा बढ्ता स्याहारको आवश्यकता पर्ने व्यक्तिहरूका लागि एउटा विकल्प, तर नर्सिङ होममा होइन।

सेवाहरू पासपोर्ट/प्रौढ सेवा कार्यक्रम सरहनै छन् तर निम्न कुराहरू समावेश हुन सक्छ:

- 24/7 अन-साइट प्रतिक्रिया
- सामाजिक क्रियाकलापहरू
- अन्य मेडिकेड सुविधाहरू

योग्यता***:**

- उमेर 21 तथा बढी
- मेडिकेड योग्य (न्यून-आय) तथा कोठा र बस्ने पैसा तिर्न सक्ने
- नर्सिङ होम तहको स्याहार आवश्यक पर्ने, न्यूनतम 2 दैनिक जीवन यापन क्रियाकलाप तथा 3 इन्स्ट्रूमेन्टल दैनिक जीवन यापन क्रियाकलापद्वारा सहयोग (अन्तिम पृष्ठ हेर्नुहोस्)

**यदि हाल प्राप्त गर्दै गरेको भए वा यदि तपाईं वैकासिक अपाङ्गता (DD) छूट सेवाहरूका लागि योग्य हुनुहुन्छ भने योग्य नहुन पनि सक्छ।*

## घर तथा समुदायमा-आधारित कार्यक्रम (मेडिकेड (Medicaid))

### विशेष स्वास्थ्यलाभ सेवा कार्यक्रम

गम्भीर तथा निरन्तर मानसिक रोग, केही विशेष निदान गरिएको जीर्ण स्वास्थ्य अवस्थाहरू भएका, वा प्रत्यारोपण प्रतिक्षा सूचीमा रहेका वयस्कहरूका लागि विशेष सहयोग।

योग्य व्यक्तिहरूले पूर्ण मेडिकेड स्याहार प्राप्त गर्छन् र निम्न अनुसार सेवाहरू पनि पाउन सक्छन्:

- स्वास्थ्यलाभ व्यवस्थापन: व्यक्तिको खास आवश्यकता अनुरुप योजना तयार गर्न सहयोग
- व्यक्तिगत स्थापना तथा सहयोग (IPS): जागिर खोज्न र गर्न सहयोग
- साथी सहयोग: जीवनका उस्तै अनुभवहरू भएका अन्यहरूबाट सहयोग

योग्यता**:**

- 21 वर्ष वा बढी उमेरको हुनुपर्छ
- आय आवश्यकताहरूको पूर्ति गर्नुपर्छ
- व्यक्तिको गम्भीर तथा हत्तपत्त निको नहुने मानसिक रोगको निदान गरिएको हुनुपर्छ; *वा* वा ठोस अङ्ग वा नरम तन्तु प्रत्यारोपण प्रतीक्षा सूची (वा विगतको प्रत्यारोपण प्रापक) मा सक्रिय हुनुपर्छ; *वा* निदान गरिएको जीर्ण अवस्था हुनुपर्छ, जसमा केही विशेष मालिग्नेन्सी, ह्युमन इम्युनोडेफिसियन्सी भाइरस/एक्वायर्ड इम्युनो डेफिसियन्सी सिन्ड्रम वा इम्युन डेफिसिएन्सी, अन्तिम चरणको मृगौला रोग (ESRD), सिकल सेल रक्ताल्पता, सिस्टिक फाइब्रोसिस, वा हेमोफिलिया समावेश छ
- चिकित्सा एपोइन्टमेन्ट र/वा दैनिक जीवनको क्रियाकलापहरूमा सहायता चाहिने हुनुपर्छ;
- सामाजिक सुरक्षा व्यवस्थापनद्वारा परिपूरक सुरक्षा आय (SSI) वा सामाजिक सुरक्षा अपाङ्गता बिमा (SSDI) को प्रयोजनका लागि प्रयोग गरिने अपाङ्गताको परिभाषा पूर्ति हुने भनेर निर्धारित गरिएको हुनुपर्छ (तपाईंको उमेर 65 वर्ष भन्दा कम र अन्तिम चरणको मृगौला रोग छ भने, वा केही निदान गरिएको जीर्ण अवस्थाहरू भएको वा ठोस वा नरम प्रत्यारोपण प्रतीक्षा सूचीमा रहेको 65 वर्ष भन्दा बढी छ भने तपाईंलाई लागु हुँदैन)
- कुनै नर्सिङ सुविधा, अस्पताल वा उस्तै परिवेशमा बस्ने हुनु हुँदैन



### माइकेयर ओहायो (MyCare Ohio)

मेडिकेड <u>तथा</u> मेडिकेयरका लागि योग्य हुने अपाङ्ग व्यक्ति, वयोवृद्ध, तथा व्यवहारात्मक स्वास्थ्य सेवाहरू प्राप्त गर्ने व्यक्तिहरू लगायतका ओहायो बासीहरूका लागि संयोजित स्याहार।



स्वीकृत व्यवस्थित-स्याहार योजनाद्वारा सदस्यहरूको स्वास्थ्य, व्यवहारात्मक तथा दीर्घ-कालीन स्याहार आवश्यकताहरूको समन्वय गरिन्छ। माइकेयर ओहायोमा निम्न अनुसार उपलब्ध गराइन्छ:


- स्याहार व्यवस्थापन, इन-होम भिजिटहरू लगायत
- सम्पूर्ण स्ट्यान्डर्ड मेडिकेयर तथा मेडिकेड सुविधाहरू
- मेडिकेयर अंश नलिने विकल्प

**योग्यता:** माइकेयर ओहायो (मेडिकेड अंश) अनिवार्य छ यदि तपाईं:

- को उमेर 18 वर्ष र बढी भए;
- बट्लर, क्लेरमन्ट, क्लिन्टन, ह्यामिल्टन वा वारेन काउन्टिमा बस्नुहुन्छ भने; तथा
- मेडिकेड तथा मेडिकेयर दुवै का लागि योग्य हुनुहुन्छ भने

ओहायो मेडिकेड विभागद्वारा व्यवस्थित:
(800) 324-8680 वा <u>www.ohiomh.com</u>





## सङ्क्रमणकालीन स्याहार

एउटा स्याहार परिवेश देखि अर्कोमा सर्नु भनेको वास्तविक चुनौती हुन सक्छ। वृद्धावस्था परिशदले व्यक्तिहरूलाई एउटा स्वतन्त्र जीवन यापन वातावरणमा फिर्ता हुन सहायता गर्ने कार्यक्रम तथा सहयोग प्रदान गर्छ

### फास्टट्र्याक होम



जति बेला अत्याधिक आवश्यक पर्छ – कुनै वरिष्ठ अस्पताल वा नर्सिङ गृहबाट घर जाने बेला आपातकालीन प्रतिक्रिया प्रणाली, हाउसमेकिङ, खाना, यातायात, चिकित्सकीय उपकरण तथा स्याहार व्यवस्थापन जस्ता सेवाहरू उपलब्ध गर्छ। सुरक्षित आरोग्यलाभका लागि सहयोग गर्न सेवाहरू अस्थायी रुपमा बिना शुल्क प्रदान गरिन्छ।

योग्यता**:** मूल्याङ्कनहरू अस्पताल/नर्सिङ होममा गरिन्छ। बिरामीहरूले कार्यक्रम योग्यताको पूर्ति गर्नु पर्छ र निम्न अनुसार हुनु पर्छ:

- क्लिन्टन काउन्टि बासिन्दा भएर उमेर 65+ हुनुपर्छ, *वा*
- ह्यामिल्टन काउन्टि बासिन्दा भएर उमेर 60+ हुनुपर्छ, र
- कुनै सहभागी अस्पताल वा नर्सिङ होमबाट डिस्चार्ज भएको हुनु पर्छ
- दैनिक क्रियाकलापहरू जस्तै नुहाउने, सवारी चलाउने तथा खाना बनाउनमा सहायता चाहिने हुनुपर्छ
- घरमा सुरक्षित तवरमा स्याहार गर्न सकिने
- स्याहार समन्वयकर्ताद्वारा गरिने घर भिजिटहरूमा सहमत हुनु पर्छ

अस्थायी सेवाहरू समाप्त हुनु भन्दा पहिला, दीर्घकालीन सेवा तथा सहयोगको आवश्यकता पर्ने फास्टट्र्याक होम क्लाइन्टहरूको मूल्याङ्कन गर्ने र सम्भावित रुपमा प्रौढ सेवा कार्यक्रममा सार्न सकिन्छ (पृष्ठ 4)।



*"फास्टट्र्याक होमले मलाई मेरो जीवन फिर्ता पाउन प्रोत्साहन दिएको छ"*

*–टेरी*

## आवेदन कसरी गर्ने सेवाहरूका लागि...

जानकारी तथा स्रोतहरूका लागि, सिफारिस गर्नलाई, वा वृद्धावस्था परिशदद्वारा उपलब्ध गराइने कार्यक्रम तथा सेवाहरूका लागि आवेदन दिन, (513) 721-1025 वा (800) 252-0155 मा कल गर्नुहोस्। हाम्रो कल केन्द्र दलको एकजना सदस्यले तपाईंको आवश्यकताहरूको पूर्ति गर्ने सर्वाधिक उपयुक्त कार्यक्रम वा सेवाहरूको पत्ता लगाउन केही प्रश्नहरू सोध्नेछन्।

वृद्धावस्था परिशद कार्यक्रम वा सेवामा भर्ना हुन चाहने कुनैपनि व्यक्तिले एउटा नर्स, सामाजिक कामदार वा स्याहार व्यवस्थापक पेसेवर व्यक्तिद्वारा इन-होम भिजिटका लागि सहमत हुन आवश्यक हुन्छ। निर्दिष्ट सेवाहरूका लागि योग्यताको निर्धारण स्याहार व्यवस्थापकले गर्नेछन् र यो उमेर, आय तथा अपाङ्गतामा आधारित हुन सक्छ (तल हेर्नुहोस्)।

कार्यक्रम योग्यता मार्ग**-**निर्देशिकाहरू निम्न अनुसार कार्यका लागि आवश्यक सहायतामा आधारित हुन्छ**:**

दैनिक जीवन यापन क्रियाकलाप **(ADLs):** नुहाउने; चव्याकचिटिक हुने; हिँड्ने; ओछ्यानमा सुत्ने र उठ्ने, चेयर वा टबमा बस्ने वा उठ्ने; खाने; बाथरुम जाने

इन्स्ट्रूमेन्टल दैनिक जीवन यापन क्रियाकलाप **(IADLs):** जटिल आत्म निर्भर जीवन यापन सीप, जसमा निम्न अनुसार पर्न सक्छ: किनमेल; खाना बनाउने; सरसफाइ, भारी कामहरू तथा लुगा धुने; टेलिफोन तथा अन्य सञ्चार साधन; यातायात; कानूनी तथा आर्थिक मामिला व्यवस्थापन; औषधि व्यवस्थापन

### वृद्धावस्था परिशदमा निम्नबाट रकम उपलब्ध गराइन्छ...

वृद्धावस्था परिशद एउटा मुनाफा रहित संस्था हो र यसले काउन्टिको कर सङ्कलन, मेडिकेड, अन्य राज्य तथा सङ्घीय कोश, सेवाग्राहीहरूको योगदान, तथा चन्दाहरू लगायतका विभिन्न स्थानीय, राज्य तथा सङ्घीय स्रोतहरूबाट रकम प्राप्त गर्छ।

**आत्म निर्भरता। स्रोतहरू। जीवन स्तर।**

दक्षिण पश्चिम ओहायो वृद्धावस्था परिशद
175 Tri County Parkway
Cincinnati, OH 45246
(513) 721-1025 वा (800) 252-0155
www.help4seniors.org

संशोधित**:** फेब्रुअरी **20, 2020**
नयाँ प्रतिहरूका लागि **(513) 345-3315** मा कल गर्नुहोस्